# डोटी जिल्लाको २० औं जिल्ला परिषद्मा
# जिल्ला परिषद् अध्यक्ष एवं स्थानीय विकास अधिकारी श्री वासुदेव रेग्मीद्वारा प्रस्तुत
# आ.व. २०७३/०७४ को वजेट, नीति तथा कार्यक्रम

१. आदरणीय प्रमुख अतिथि व्यवस्थापिका संसद सदस्य नि.क्षे.नं २ डोटी माननीय प्रेम आले ज्यू,

विशिष्ट अतिथि माननीय व्यवस्थापिका संसद सदस्य ज्यूहरु

विशिष्ठ अतिथि पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधिशज्यू,

विशिष्ठ अतिथि क्षेत्रीय प्रशासक ज्यू

विशिष्ठ अतिथि पृतनापतिज्यू,

विशेष अतिथि राजनैतिक दलका केन्द्रीय पदाधिकारी एवं केन्द्रीय सदस्यज्यूहरु

अतिथि पूर्वमन्त्री/पूर्व सभासद तथा सांसदज्यूहरु

अतिथि जिल्लाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

अतिथि श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू

अतिथि माननीय जिल्ला न्यायाधीशज्यू

अतिथि क्षेत्रीय निर्देशनालयका प्रमुखज्यूहरु,

अतिथि प्रहरी नायव महानिरीक्षकज्यू,

अतिथि प्रहरी उपरीक्षकज्यू,

अतिथि गणपतिज्यू,

अतिथि कार्यालयका प्रमुखज्यूहरु,

अतिथि जि.वि.स. पदपूर्ति समितिका अध्यक्षज्यू

अतिथि पूर्व जि.वि.स. सभापतिज्यूहरु तथा उप-सभापतिज्यूहरु,

अतिथि पूर्व नगर प्रमुखज्यूहरु तथा नगर उप-प्रमुखज्यूहरु,

अतिथि डोटी क्याम्पसका प्रमुखज्यू,

अतिथि दि.सि न.पा का कार्यकारी अधिकृतज्यू

अतिथि समन्वय समितिका उपाध्यक्षज्यूहरु

अतिथि जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा समन्वयकारी भूमिका निर्वाह गर्नुहुने राजनैतिक दलका प्रतिनिधि ज्यूहरु

अतिथि राजनैतिक दलका जनवर्गिय संगठन, भातृ तथा भगिनी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

अतिथि नागरिक समाज, वौद्धिक क्षेत्र, सामाजिक, व्यावसायिक, पेशागत, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, दातृसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार एवं संचारकर्मी मित्रहरु, जेष्ठ नागरीक, महिला, दलित, आदिवासि जनजाति, अपांगता भएका व्यक्ति तथा उपस्थित अन्य सम्पूर्ण महानुभावहरु ।

२. सर्वप्रथम, मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता र समृद्धिका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । २० औं जिल्ला परिषद्बाट आगामी आर्थिक वर्ष २०७३/०७४ को लागि डोटी जिल्लाको स्वीकृत वार्षिक जिल्ला विकास योजना सार्वजनिकीकरण कार्यक्रममा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नुभएका श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु लगायत सम्पूर्ण महानुभावहरूमा जिल्ला विकास समिति डोटी तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछु । यस गरिमामय सभामा जिल्ला विकास समितिको प्रमुखको हैसियतले जिल्लाको समग्र विकासको लागि मार्गदर्शनको रुपमा रहने आगामी आर्थिक वर्ष २०७३/०७४ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यसै अवसरमा हाम्रा अथक प्रयासहरूमा हरदम निर्देशन र सहयोग प्रदान गर्नुहुने माननीय सांसदज्यूहरु, राजनैतिक दल, सरोकारवाला विकास साझेदारहरू, समाजसेवी एवं जिल्लावासी, सम्पूर्ण आदरणीय दाजुभाई, दिदीवहिनीहरू तथा विकास अभियन्ताका रुपमा रहेका स्थानीय निकाय, सरकारी कार्यालयहरु तथा गैरसरकारी संस्थाहरूको भूमिका प्रति जिल्ला विकास समितिको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

नेपालको संविधान २०७२ लागु भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा प्रवेश गरेकोले अव आर्थिक विकासको अभियानलाई तिब्र पार्दै विकाससील राष्ट्रको सुचीमा सन् २०२२ सम्ममा स्तरोन्नती गर्ने लक्ष्यमा पुग्नु पर्ने छ । हालै संयुक्त राष्ट्र संघले पारित गरेको दिगो विकासका लक्ष्यहरुको अवधारणाहरुलाई स्थानीयकरण गर्दै सेतिको माला खपतडको मोति स्वस्थ शिक्षित समुन्त डोटी भन्ने लक्ष्यसाथ आएको दोस्रो आवधिक योजनाको लक्ष्यलाई समेत समेटेर यो वर्षिक वजेट तथा कार्यक्रम तयार पारिएको छ ।

त्यसैगरी यस प्रक्रियामा विषयगत कार्यालय, गाविस, वडानागरिक मञ्च, ग्रामिण एवं जिल्ला स्तरीय सामुदायिक संस्थाहरु, लक्षित वर्ग सम्वद्ध ग्रामिण एवं जिल्ला स्तरीय संस्थाहरु, गैरसरकारी संस्था र सञ्चार माध्यम तथा कर्मचारी साथिहरु लगायतको पनि सराहनीय भूमिका रहेको छ ।

**आदरणीय महानुभावहरु**

३ गत आ.व.२०७१/७२ र चालु आ.व २०७२/०७३ को जिल्ला विकास समितिको आय तथा व्यय विवरण निम्न अनुसार रहेको छ ।

| आ.व | आय रु | खर्च रु | खर्च प्रतिशत |
|---|---|---|---|
| गत आ.व.२०७१/७२ | ४७करोड १६ लाख ३७ हजार | ४३करोड ८१ लख ८८ हजार | ९२% |
| चालु आ.व०७२ /७३ | ५४ करोड ४३ लाख ६० हजार (अनुमानीत वार्षिक)<br>२३ करोड १४लाख ५७ हजार (माघ सम्मको यथार्थ) | १९ करोड २१ लाख २३ हजार (माघ सम्मको यथार्थ) | ३५% |
| चालु आ.व०७२ /७३ आन्तिरिक | ८६ लाख ५३ हजार (अनुमानित वार्षिक)<br>११ लाख ३० हजार (माघ सम्मको यर्थाथ) | | |

**आदरणीय महानुभावहरु**

४ अव म चालु आ.व.को यस अवधिसम्म सञ्चालित विभिन्न आयोजना एवं कार्याक्रमहरु कार्यान्वियनवाट भएका प्रमुख उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

| कायकम | प्रगति |
|---|---|
| सामाजिक सुरक्षा प्राप्त गर्ने संख्या | २३,५७६ जना |
| सडक निर्माण (ग्रामिण पहुच र स्थानीय यातायात) | २,८९,३५ हजार वजेट विनियोजन भई ग्रामिण सडक निर्माण र मर्मत |
| गाविस भवन निर्माण | जम्मा ३५, सम्पन्न ९, र्निमाणाधिन ४ |
| ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | ३ कि.मि सडक निर्माण, ९ वटा सिंचाई कुलो मर्मत तथा १ तटवन्धन निर्माण हुने |
| ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना | तेस्रो चरण सुरु :-७ गाविसको जलस्रोत गुरुयोजना निर्माण , ८८कि.वा विधुत उत्पादन,३१७१ घरधुरीमा खानेपानी उपलव्धता |
| विधुत लाइन विस्तार | डौड र तोलेनिका लागि ४१ लख २५हजनर विनियोजित |
| स्थानीय शासन तथा सामुदायिक विकास कायकम | थप ६४ गरी १२८ नागरिक सचेतना केन्द्र गठन<br>वडा नागरिक मन्चको वग्रिकरण |
| झो.पु निर्माण | हालसम्म १२४ झो.पु वनेका  चालु आ.व मा ७ वटा निर्माणको लागि वजेट विनियोजन |
| सडक पुल | ध्यालीगाड सम्पन्न भई गोदरे गाड सडक पुल सुरु भएको । |
| सामुदायीक सिंचाई | २३ वटा सम्पन्न १३ वटा निर्माण भई ६२५ हेक्टर सिंचाई हुने, |
| ग्रामिण खानेपानी | ११ वटा क्रमागत योजनामा ३ वटा समपन्न हुने |
| विषयगत र्कायलय तथा गैसस | परिषद तथा वोड्वाट कार्यक्रम स्वकृत गरी सन्चालनमा रहेका |
| योजनाहरुको सम्झौता | २७० योजना मध्ये हाल सम्म ११० योजना सम्झौता भइसकेका |
| अनुकुलन योजना निर्माण | वनलेक गाविसको अनुकुलन योजना वनेको तथा अन्य १५ गाविस तथा नगरपालिकाको वन्ने चरणमा रहेको । |
| वेरुजु तथा सम्परिक्षणको अवस्था | आ.व. २०७०/०७१ सम्मको कूल वेरुजु रु. ५ करोड ८४ चौरासी लाख ९६ हजार ३२१ मा मध्ये २४% (रु.१,४०,३९,११७-) वेरुजु सम्परिक्षण भएको छ । |

समयमा काम नसक्ने ठेकेदार कम्पनीलाई कानून बमोजिम ४ ठेकेदार कम्पनीसंग फरफारक/कार्यवाही भएको छ र बाँकी १ प्रकृयामा रहेको साथै Indian Ambessy मा लामो समयसम्म बाँकी रहेको ठेक्का कम्पनीहरुलाई कानून बमोजिम फरफारक गरिने नीति लिएको छु ।

**आदरणीय महनुभावहरु,**

५. अव म विकास निर्माणका क्रियाकलापहरु संचालनमा देखिएका प्रमुख समस्या तथा चुनौती र सम्भावनाहरु संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

(क) **प्रमुख समस्या र चुनौतीहरुः**

- जिल्ला वाट तराई (कैलाली मूख्यरुपमा)वसाई सरि जाने तथा पुरुषहरु कामको सिलसिलामा विभिन्न देश जाने कारणले जिल्लामा लगानी तथा मानव स्रोतमा अभाव भएको ।
- जनप्रतिनिधिमूलक स्थानीय निकायको अभावमा सरोकारवाला पक्षहरुसँग समन्वय गर्न कठिनाई भएको तथा जिल्लाले विभिन्न समयमा गरेका वैठकले गरेका निर्णयहरु स्था.वि.अ तथा अन्य कर्मचारीहरु (विषयगत निकायसमेतका) सरुवा भएपछि संस्थागत गर्न कठिनाई ।
- अर्थतन्त्रको प्रमुख आधारको रुपमा रहेको कृषि व्यावसायमा युवाहरुको वढ्दो विकर्षण,
- जिल्लाका प्राकृतिक एवं सांस्कृतिक पर्यटन गन्तव्यस्थलहरुमा आधारभूत पूर्वाधार निर्माणका साथै तिनको संरक्षण, सम्वर्धन एवं प्रचार प्रसार हुन नसकेको,
- विकास प्रयासमा जनअपेक्षा, आवश्यकता र उपलव्ध स्रोत साधन वीच ठूलो खाडल रहेको,

(ख) **विकासका सम्भावनाहरुः**

- विकास निर्मामाणका सवालमा जिल्लामा उच्च राजनीतिक समझदारी रहेको,
- सुदुर पश्चिमको केन्द्र तथा नयाँ वनेको सातौ प्रदेशको केन्द्र हुने सम्भावना रहेको
- भौतिक पूर्वाधारहरुको विकास, विस्तार र स्तरोन्नतीको कार्य भईरहेको,
- विभिन्न विषयगत क्षेत्रका योजना तथा गुरुयोजनाहरु तर्जुमा गर्ने कार्य प्रारम्भ भैरहेको,
- ७५० मेघावाट क्षमताको उच्च सम्भावनायुक्त पश्चिम सेती जलविद्युत परियोजना कार्यान्वयनको सम्भावना रहेको,
- खप्तड, शैलेश्वरी जस्ता ऐतिहासिक तथा धार्मिक पर्यटन स्थलहरु रहेको,

६. आगामी आ.व. ०७३/७४ को प्रस्तावित वजेट तथा कार्यक्रमहरु तर्जुमा गर्दा नेपालको संविधान २०७२ लगायत प्रचलित ऐन, नियम र नेपाल सरकारवाट विभिन्न समयमा जारि भएका नीति नियमा आधारित भएर ति कुराहरुलाई मार्गदर्शनको रुपमा लिई तयार गरिएको छ ।

**आदरणीय महानुभावहरु**

७. अव म आगामी आ.व. ७३/७४ को वजेटका तथा कार्यक्रमको नीति कार्यक्रम तथा प्राथमिकताहरु वारे संक्षिप्तरुपमा प्रस्तुत गर्दछु ।

**जिल्ला विकास समितिले अघिल्लो आ.वमा गरेका विषयगत नीतिहरु कायम राख्दै केही नीतिहरु थप गरेको छ सो कुरा म अवगत गराउन चाहन्छु ।**

क. आर्थिक विकास

- आर्थिक विकास समितिको संयोजक जिल्ला कृषि विकास सकार्यालयलाई तोक्ने, संयोजक कार्यालयले आ-आफ्नो समितिमा पर्ने विषयगत कार्यालय र संघ संस्थाको कार्यक्रम जि.वि.स.ले तयार गरेको ढाँचामा तयार गरी एकिकृत योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने र्कायको सुरुवात भइसकेको छ आगमि आ.वमा यसलाई अझ परिस्कृत गरी निरन्तरता दिइने छ ।
- **जग्गा वाँझो नछोडौ उव्जनी गरौ** भन्नका लागि खेती योग्य जमिन वाँझो छोडेमा त्यसमा थप मालपोत उठाउने  नीति लिएको छु ।
- आत्म निर्भरताको वाटोमा डोटी जिल्ला भन्ने मूल नारा/Policy तय गरी काम र्कावाही अगाडी वढाउने छु ।

ख. वन तथा वातावरण विकास

- वन तथा वातावरण समितिको संयोजक जिल्ला वन कार्यालयलाई तोक्ने, संयोजक कार्यालयले आ-आफ्नो समितिमा पर्ने विषयगत कार्यालय र संघ संस्थाको कार्यक्रम जि.वि.स.ले तयार गरेको ढाँचामा तयार गरी एकिकृत योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने र्कायको सुरुवात भइसकेको छ आगमि आ.वमा यसलाई अझ परिस्कृत गरी निरन्तरता दिइने छ ।
- वन क्षेत्रबाट कसरी वढी आय आर्जन भई जिल्ला र  राज्यलाई फाईदा हुन्छ भनी अध्ययन गर्ने साचे वनाएको छु ।
- जलवायु परिर्वतन अनुकुलन तथा विपद जोखिम न्यूनिकरणका लागि गाँउ तथा नगरको स्थानीय अनुकुलन योजना वनाई र्काय गर्ने नीति लिएको छु ।
- जिल्लाको विकास निर्माणको लागि वन ऐन तथा नियमावली, वातावरण ऐन तथा नियमावलीको अनिवार्य पालनाको साथ साथै विकासलाई पनि संग संगै व्यवहारिकतासंग जोडेर प्राप्त भएको वजेट फिज नहुने तर्फ सवै मिलेर व्यवहारिकरुपमा समस्या समाधान गर्ने नीति लिएको छ ।

ग. भौतिक पूर्वाधार विकास

- भौतिक पूर्वाधार विकास समितिको संयोजक डिभिजन सडक कार्यालयलाई तोक्ने, संयोजक कार्यालयले आ-आफ्नो समितिमा पर्ने विषयगत कार्यालय र संघ संस्थाको कार्यक्रम जि.वि.स.ले तयार गरेको ढाँचामा तयार गरी एकिकृत योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने र्कायको सुरुवात भइसकेको छ आगमि आ.वमा यसलाई अझ परिस्कृत गरी निरन्तरता दिइने छ ।
- सडक निर्माण संग सम्बन्धित निकायहरु एक आपसमा समन्वय गरी Overlaping नहुने गरी आ-आफ्ना कार्यक्रमहरु तय गर्न र यसको नेतृत्व सडक डिभिजन कार्यालयले गर्ने नीति लिने निर्णय गरियो ।
- सडक जति वनाईएका छन तिनलाई All Weather वनाउने, नयाँ कटिङ्ग घटाउने नीति  लिइएको छु भन्ने जिल्लाले गाविस केन्द्र जोड्न सडक वनाउने र गाविस भित्रका सडकहरु निर्माणमा गाविसको सहभागिता गराउने व्यवस्था गर्ने छु ।
- जिल्लाको सदरमुकाममा भएको खानेपानी समस्या न्यूनिकरण गर्न प्रस्तावित भेलछाडा खानेपानि योजनाको नाम परिर्वतन गरी काडामाण्डौ, गैरागाँउ,शिलगढी खानेपानी र्कायन्वयनमा ल्याउने व्यवस्था गरेको छु ।

- डोटी जिल्लामा पुराना ठेक्का पट्टालाई कानून बमोजिम शुन्य पार्ने, लामो समयसम्म म्याद सकिएर पनि काम नगर्ने ठेकेदार कम्पनीलाई कानून बमोजिम फरफारक गरी ठेक्का पट्टामा Fresh Start गर्ने नीति लिएको छु।
- उपभोक्ता समिति गठन पारदर्शी वनाउन अनिवार्य उपभोक्ता भेलाको फोटो संलग्न गर्नु पर्ने वाध्यात्मक व्यवस्था लागु गरेको छु।
- चैत्रसम्म सम्झौता गरि सक्नु पर्ने, जेष्ठसम्म काम सकिसक्नु पर्ने नीति लिएको छु साथै चैत्र महिनाबाटै सर्वदलिय लगायत सरोकारवाला सवैको सहभागितामा संयुक्त अनुगमन गर्ने नीति लिएको छु।

घ. सामाजिक विकास

- सामाजिक विकास समितिको संयोजक जिल्ला शिक्षालाई तोक्ने, संयोजक कार्यालयले आ-आफ्नो समितिमा पर्ने विषयगत कार्यालय र संघ संस्थाको कार्यक्रम जि.वि.स.ले तयार गरेको ढाँचामा तयार गरी एकिकृत योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने र्कायको सुरुवात भइसकेको छ आगमि आ.वमा यसलाई अझ परिस्कृत गरी निरन्तरता दिइने छ।
- सवै श्रोत साधनले सम्पन्न विद्यालय निर्माणको लागि कम विद्यार्थी हुने विद्यालय क्रमशः ठूलो विद्यालयमा समायोजन गर्ने नीति लिएको छु।
- शिक्षाले दिने गरेको राहत शिक्षकका दरवन्दीलाई विज्ञान, गणित, अंग्रेजी जस्ता विषयमा केन्द्रित गर्ने नीतिगत व्यवस्था गरेको छु ,
- माद्यामिक विद्यालयमा सकभर मा.वि. तहका शिक्षकलाई प्रधानाध्यापक वनाउने नीति लिने एवं व्यवसथापन समितिका अध्यक्षलाई आर्थिक कारोवारबाट टाढा राखी विद्यालयको स्वच्छ शैक्षिक वातावरणमा वढी समय दिन प्रेरित गर्ने नीति लिएको छु।
- विषयगत रुपमा NGOs/INGOs को Cluster वनाउने नीतिगत व्यवस्था गरेको छु र जिल्ला विकास समितिमा NGO DESK प्रभावकारी वनाउन विभिन्न NGO को सहयोगमा एक जना प्रभावकारी व्यक्ति करार सेवामा व्यवस्था गर्ने सोच वनाएको छु।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले कार्यक्षेत्र छनौट गर्दा कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले कार्यक्रम लागु नभएको गा.वि.स.को पहिचान गरी कार्यक्षेत्र छनौट गर्ने दोहोरोपन हुन नदिन जि.वि.स., विषयगत सरकारी निकायहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्नका लागि कार्यक्षेत्र छनौट गर्ने व्यवस्था मिलाउने प्रक्रिया अवलम्बनको नीतिगत व्यवस्था गरेको छु।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु जिल्लामा र्कायक्रम सुरुवात गर्दा एकल वा संयुक्त रुपमा सार्वजनिक स्थानमा शौचालय वनाउनु पर्ने वाध्यताम्क व्यवस्था लागु गर्ने व्यवस्था गरेको छु।
- डोटी जिल्लाका २ गाविस (लक्ष्मीनगर र दहकालिकास्थान) वालमैत्रि गाविस घोषणा को क्रममा रहेको र जिल्लाले पनि वालमैत्रि स्थानीय शासनलाई अवलम्वन गरेको हुदाँ जिल्लामा वाल संरक्षण केन्द्र निर्माणका लागि पहल गर्ने छु।

- वालमैत्रि स्थानिय शासन, छाउपडी मुक्त गाविस, पुर्ण खोप युक्त गाविस जस्ता विभिद अभियान मुखि कार्यक्रमहरुलाई निरन्तरता दिएको छु ।

**ङ. संस्थागत स्रोत तथा क्षमता विकास समिति**

- जिल्लाको आन्तरीक स्रोत वढाउन पहिलो चरणमा वानी पार्न भए पनि आय आर्जनको सम्भाव्य सवै क्षेत्रमा ठेक्का लगाउने नीति लिएको छु ।
- जिल्ला विकास समितिका प्राविधिक कर्मचारीहरुलाई पाइरहेको फिल्डभत्तामा समयअनुकुल पुनरावलोकन गरेको छु ।
- गा.वि.स.मा कार्यरत प्राविधिक सहायकलाई प्राविधिक सहायक नहुने गा.वि.स.हरुले समय मिलाई निजलाई मर्का नपारी काम गराउन सक्ने, निजहरुले काम गर्न नै पर्ने र्कायको सुरुवात गरेको छु र आगामि आ.वमा यसलाई अझ प्रभावकारी वनाउने छु ।
- Project को Measurement का लागि जिल्लामा रहेका Technical Institution का विद्यार्थीहरुलाई Intenship गराउने नीतिगत व्यवस्था गरेको छु ।
- इलाका स्तरीय योजना तर्जुमा गोष्ठिमा अरु आ.व भन्दा फरक गरि विषयगत कार्यालयहरुलाई पनि एक एक इलाकाको नेतृत्व दिई  योजना र्तजुमा र्काय गर्दा योजना तर्जुमा प्रक्रियामा अपनत्व वृद्धि भएको महसुस भएकोले सो कार्यलाई निरन्तरता दिई गैसस समेतलाई यो प्रकि्यामा परिचालन गर्ने नीति लिइएको छु ।
- जिल्ला विकास समितिमा भएका गतिविधिहरुलाई WEB Site मार्फत नियमित रुपमा सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिने छु ।

यी थप भएका र्कायक्रम तथा अन्य नीतिगत तथा निर्णयहरु विस्तृत र्कायक्रममा समावेश गरिएको छ ।

आदरणीय महानुभावहरु,

८. अव म जिल्ला विकास समिति डोटीको आगामी आ.व. को लागि निम्नानुसार बजेट प्रस्तुत गर्दछु ।

१. विस्तृत र्कायक्रममा समावेश विभिन्न कार्यक्रमहरु अन्तरगत आ.व.२०७३/०७४ मा विनियोजित बजेटलाई सम्भव भएसम्म प्राप्त सिलिंग भित्रै सिमित गर्ने प्रयास गरी वास्तविकतामा आधारित बजेट निर्माण गर्ने प्रयत्न गरिएको छ ।                    रु हजारमा

| क्र.सं. | विषयगत समितिको नाम | चालु | पूजिगत | जम्मा | वजेट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास  समिति | ६,२७,२३ | २१,३३,५१ | २७ करोड  ६० लाख ७६ हजार | ९।५ | |
| २ | सामाजिक विकास समिति | ३८,५३,१९ | २०,१४,२९ | ५८ करोड६७लाख४८हजार | २०।२ | |
| ३ | वन तथा वातावरण समिति | १,४२,९९ | ४७,७६,३३ | ४९ करोड १९लाख ३२ हजार | १६।९ | |
| ४ | भैतिक पूर्वाधार विकास समिति | ३०,६१,१७ | १,२३,७५,६३ | १ अर्व ५४ करोड ३६ लाख ८० हजार | ५३।२६ | |
| | कूल जम्मा | **७६ करोड ८४ लाख ५९ हजार** | **२ अर्व १२ करोड ९९ लाख ७६ हजार** | **२ अर्व ८९ करोड ८४ लाख ३५ हजार** | | |

२. कुल प्रस्तवित बजेटलाई विषयगतरुपमा विश्लेषण गर्ने हो भने सबै भन्दा वढी बजेट भार भौतिक पुर्वाधार विकास समिति तर्फ रहेको छ ।

३. जि.वि.स.कार्यलय तर्फको मात्र प्रस्तावित वजेट आ.व. ०७३।७४ को लागि प्रस्तावित वजेट

| क्षेत्र | वजेट रु हजार | वजेट प्रतिशत |
|---|---|---|
| चालु | ३० करोड ६१ लाख १७ हजार | ५९ |
| पूजिगत | ३३ करोड ३५लाख ८२हजार | ४१ |
| आन्तरिक आय तर्फ मात्र राजस्व वाडफाड समेत | ९४ लाख ९८ हजार | १।८३ |
| जम्मा | ६३ करोड ९६ लाख ९९ हजार | |

४. जिल्ला विकास समिति र विषयगत कार्यालय तथा गैर सरकारी संस्थाको कार्यक्रमहरुको विस्तृत विवरण छुट्टै संलग्न गरी प्रस्तुत गरिएको छ । उक्त कार्यक्रमहरु तर्फको आवश्यक खर्च रकम जुटाउनका लागि नेपाल सरकारको अनुदान, आन्तरिक श्रोत, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा विभिन्न दातृ निकायहरुको सहयोग नै प्रमुख श्रोतका रुपमा रहेका छन् ।

**आदरणीय महानुभावहरु,**

९ प्रस्तुत बजेटबाट जिल्लाको सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास, स्थानीय स्तरमा आय आर्जन तथा रोजगारी सिर्जना लगायतका आर्थिक क्रियाकलापहरुको अभिवृद्धिमा टेवा पुग्न गई जिल्लामा विद्यमान गरिवीलाई न्युनीकरण गर्न सहयोग पुग्ने आशा लिएको छु ।

**अन्त्यमा,**

१० जिल्ला विकास समिति डोटीको २० औं जिल्ला परिषद्को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा जिल्लाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, विषयगत कार्यालय लगायत जिल्ला स्थित सबै सरकारी कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरुको सक्रिय सहभागिता र सहयोग प्रति कृतज्ञता व्यक्त गर्दछु । यस जिल्लाको विकासका लागि जिल्लामा कार्यक्रम संचालन गरेर सहयोग पुर्‍याउने निजी क्षेत्र लगायत विकास साझेदार निकायहरुको योगदानको उच्च सम्मान गर्दछु ।

हाम्रो निमन्त्रणा स्वीकार गरी आफ्नो कार्य व्यस्तताका वावजुद पनि उपस्थित भई यस परिषद्को गरिमा बढाई दिनु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखज्यूहरु, संघ संस्थाका प्रतिनिधिज्यूहरु, नागरिक समाज, विभिन्न पेशा व्यवसायबाट प्रतिनिधित्व गर्नु हुने व्यक्तित्व तथा कर्मचारी मित्रहरु, गा.वि.स. सचिवज्यूहरु, संचारकर्मी मित्रहरु, उपस्थित सम्पूर्ण महानुभावहरुमा विशेष आभार प्रकट गर्दछु ।

जिल्लाको बजेट तथा कार्यक्रम, नीति, निर्देशन सहित निरन्तर सहयोग पुर्‍याउने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, नेपाल सरकारका सम्पूर्ण मन्त्रालयहरु, विभागहरु तथा निर्देशनालयहरु, जिल्ला स्थित विषयगत कार्यालयहरु, दातृसंस्थाहरु, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र डोटी जिल्लाका जनता प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

जिल्ला विकास योजना तर्जुमा गर्ने सिलसिलामा निरन्तर खट्ने सम्पूर्ण कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, यो वजेट तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सवै पक्षवाट सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु ।

धन्यवाद ।

फागुन २९, २०७२

वासुदेव रेग्मी<br>
परिषद् अध्यक्ष एवं<br>
स्थानीय विकास अधिकारी